थप जानकारीको लागि नजिकको
स्थानीय जिल्ला कार्यालयमा सम्पर्क राख्नुहोस् ।

**Berlin District Office**
**650 Main Street, Suite 200**
**Berlin, NH 03570-2496**
**Phone: 752-7800 or**
**800-972-6111**

**Claremont District Office**
**17 Water Street, Suite 301**
**Claremont, NH 03743-2280**
**Phone: 542-9544 or**
**800-982-1001**

**Concord District Office**
**40 Terrill Park Drive**
**Concord, NH 03301-9955**
**Phone: 271-6201 or**
**800-322-9191**

**Conway District Office**
**73 Hobbs Street**
**Conway, NH 03818-6188**
**Phone: 447-3841 or**
**800-552-4628**

**Keene District Office**
**111 Key Road**
**Keene, NH 03431**
**Phone: 357-3510 or**
**800-624-9700**

**Laconia District Office**
**65 Beacon Street West**
**Laconia, NH 03246-9988**
**Phone: 524-4485 or**
**800-322-2121**




**Littleton District Office**
**80 North Littleton Road**
**Littleton, NH 03561-3841**
**Phone: 444-6786 or**
**800-552-8959**



**Manchester District Office**
**195 McGregor Street, Suite 110**
**Manchester, NH 03102-3762**
**Phone: 668-2330 or**
**800-852-7493**

**Southern District Office**
**3 Pine Street Extension, Suite Q**
**Nashua, NH 03060-2496**
**Phone: 883-7726 or**
**800-852-0632**

**Seacoast District Office**
**50 International Drive**
**Portsmouth, NH 03801-2862**
**Phone: 433-8300 or**
**800-821-0326**

**Rochester District Office**
**150 Wakefield Street, Suite 22**
**Rochester, NH 03867-1309**
**Phone: 332-9120 or**
**800-862-5300**

DFA Form 77d
11/11 rev 4/14
DFA SR 11-45



# रासन कार्ड कार्यक्रम

## रासन कार्ड - तपाईँको सुस्वास्थ्यको लागि गरिने लगानी

रासन कार्ड तपाईँको
सुस्वास्थ्यको लागि गरिने लगानी हो ।

*Food Stamp Program*
*Division of Family Assistance*
*NH Department of Health and Human Services*
*129 Pleasant Street*
*Concord, NH 03301*
*www.dhhs.nh.gov*

# खाना तपाईँले लिन सक्ने पहिलो सर्वोत्तम औषधी हो।

### रासन कार्ड कार्यक्रम भनेको के हो?

रासन कार्ड कार्यक्रमको उद्देश्य भोकमरी रोकथाम गर्नु र स्वास्थ्यको प्रवर्धन गर्नु हो । यसको लक्ष्य न्यु ह्याम्प्शायरका बासिन्दाहरूलाई स्वस्थ खाना खरिद गर्ने विकल्प प्रदान गरेर उनीहरूलाई भोको बस्न नदिने हो । यस कार्यक्रमका लाभग्राहीहरूमा बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका मानिस, र सबै उमेरका कार्यरत वा बेरोजगार मानिसहरू पर्दछन्।



रासन कार्ड कार्यक्रम कुनै कल्याणकारी कार्यक्रम होइन । यो कङ्ग्रेसले किसान र तपाईंजस्ता व्यक्तिलाई सहयोग गर्न सिर्जना गरिएको कार्यक्रम हो । रासन कार्ड कार्यक्रममा सहभागी बनेपछि किसानहरूले उनीहरूको व्यवसाय बचाइराख्न संघीय आर्थिक सहायता प्राप्त गर्दछन् भने तपाईंलाई पोषणयुक्त खानेकुरा किन्न विकल्प उपलब्ध हुनेछ ।

### मैले रासन कार्ड प्रयोग गरेर के के किन्न सक्छु?

रासन कार्ड सुविधाको प्रयोग गरेर खानेकुरामात्रै किन्न सकिन्छ, अरु केही किन्न पाइँदैन ।



कङ्ग्रेसले तरकारीको बीऊ लगायत तपाईंले छनोट गरेका कुनै पनि प्रकारका खानेकुरा किन्न छुट हेन कुराको प्रत्याभूति गरेको छ । रासन कार्डको प्रयोग गरेर कागजी सामान, भिटामिन, साबुन, वा कुनै पनि अखाद्य सामग्री किन्न पाइँदैन ।

### म कसरी आवेदन गर्न सक्छु?

रासन कार्डको लागि आवेदन गर्न 1-800-852-3345 ext. 9700 मा फोन गर्नुहोस् र हाम्रा ग्राहक सेवा प्रतिनिधिले तपाईंलाई कहाँ आवेदन गर्ने भन्ने कुराको जानकारी गराइदिनुहुन्छ । यदि तपाईंले ६० वर्ष वा बढी उमेरको, वा अपाङ्ग, वा कुनै कठिनाइ भएको कुरा पुष्टि गर्न सक्नुभयो भने घरबाटै पनि आवेदन गर्न सक्नुहुन्छ । तपाईं हाम्रो कार्यालयमा आउनुभयो भने तपाईंले छिटो सुविधा पाउन सक्नुहुन्छ । हाम्रो कार्यालय रहेका ठाउँहरूको सूची यस ब्रोसरको पछाडीपट्टि संलग्न गरिएको छ ।

### मैले के के ल्याउनुपर्छ?

तपाईंले चेकका अर्धकट्टी, बैंक खाता विवरण, घरभाडाको रसिद, बन्धक भुक्तानि, र युटुलिटी बिलहरू ल्याएर हामीलाई शिघ्र निर्णय लिने कुरामा सघाउन सक्नुहुन्छ । हामी तपाईं सुविधा पाउन योग्य हुनुहुन्छ कि हुनुहुन्न भन्ने निर्क्यौल गर्न तपाईंको आय, नगदमा रुपान्तरण गर्न मिल्ने सम्पत्ति र खर्चको लेखाजोखा गर्नेछौं ।

### कति सयम लाग्छ?

तपाईं योग्य हुने/नहुने कुरा निर्धारण गर्न हामीलाई ३० दिन लाग्नेछ । तर हामीले मागेको जानकारी सकेसम्म छोटो समयमा उपलब्ध गराउनुभयो भने हामी तपाईंको सुविधा प्राय: अझ छिटै उपलब्ध गराउन सक्नेछौं । यदि तपाईं आपत्कालीन रासन कार्ड सुविधाको लागि योग्य बन्नुभयो भने तपाईंले उक्त सुविधा सात दिनभित्र प्राप्त गर्नुहुनेछ ।

### मैले कति सुविधा पाउनेछु?

तपाईंले पाउने सुविधा तपाईंको आय र घरधुरी खर्चको आधारमा निर्धारित हुन्छ । पहिलो महिनापछि तपाईंले पाउने सुविधा स्वत: प्रत्येक महिनाको ५ तारिखभित्र तपाईंको खातामा जम्मा हुनेछ ।

मेरो आयमा परिवर्तन भयो भने तपाईंलाई फोन गर्नुपर्छ कि? यदि तपाईंले रासन कार्ड सुविधाको साथसाथै अन्य कार्यक्रमबाट पनि सहायता पाउनुभयो भने तपाईंले आयमा आएको सबै परिवर्तनको बारेमा हामीलाई जानकारी गराउनुपर्नेछ । यदि तपाईंले रासन कार्ड सुविधामात्र पाइरहनुभएको छ भने हामी तपाईंलाई परिवर्तनको कहिले सूचना दिने र के के कुरामा परिवर्तन आएमा सूचना दिने भन्ने कुराको जानकारी गराउनेछौं।



### मैले रासन कार्ड प्रयोग गरेको अरुले देख्छन् कि?

देख्दैनन् । रासन कार्ड विद्युतीय हुन्छ । किराना चेकआउट लेनमा रासन कार्डको प्रयोग गर्ने अन्य डेबिट कार्ड ग्राहकले झैं पोइन्ट-अफ-सेल उपकरणमा बैंकको जस्तै प्रकारको डेबिट कार्ड स्वाइप गर्नुपर्दछ । रसिदमा तपाईंको रासन कार्ड खाताको मौज्दात देखाउनेछ ।

### तपाईंले मलाई रोजगारीको खोजी गरिदिन सक्नुहुन्छ?

हो । तपाईंले रासन कार्ड सुविधा पाउनु भएको छ र FANF नगद सहायता पाउनुभएको छैन भने रासन कार्ड रोजगारी तथा प्रशिक्षण कार्यक्रमले तपाईंलाई रोजगारी खोज्नमा मद्दत गर्न सक्छ । तपाईंले रोजगारी खोजी माइलेज लागत मार्फत पनि सहयोग पाउन सक्नुहुन्छ । अझ थप जानकारीको लागि 1-800-852-3345 x 9329 मा फोन गर्नुहोस् ।

### मैले उपयुक्त नोकरी स्वीकार गरिनँ वा छोडिदिएँ भने के हुन्छ?

तपाईंले कुनै नोकरी छोड्नु वा अस्वीकार गर्नुभन्दा अगाडि आफ्नो FSS सँग कुरा गर्नुहोला । तपाईंको FSS ले तपाईंले छोड्नुपर्ने उचित कारण छ कि छैन भन्ने कुरा निर्धारण गर्दछन् । तपाईंले रासन कार्ड सुविधा प्राप्त गरिरहेको अवधिमा कुनै उचित कारण बिना नै नोकरी छोडिदिनुभयो भने त्यसले तपाईंलाई सुविधाको लागि अयोग्य बनाइदिनेछ ।